# नेपाल कम्युनिष्ट पार्टी (एमाले)
## Communist Party of Nepal (UML)
केन्द्रीय कार्यालय / Central Office


८ कार्तिक २०८१

# प्रेस वक्तव्य

नेपालको सार्वभौम संसदले गठन गरेको सहकारी संस्था बचत रकम दुरूपयोग संसदीय छानविन विशेष समितिको प्रतिवेदन कार्यान्वयनको प्रकृया अघि बढिरहेको अवस्थामा छानविन र अभियोजनको कामलाई नै प्रभावित गर्नेगरी राष्ट्रिय स्वतन्त्र पार्टी लगायतका संस्था र व्यक्तिहरूका तर्फवाट भइरहेको आवान्छित गतिविधि प्रति हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ । संसदमा रहेका प्रमुख दलहरूको संलग्नतामा बनेको कार्यदलको सर्वसम्मत प्रतिवेदनलाई प्रतिनिधिसभाले ग्रहणगरी सरकारलाई कार्यान्वयन गर्न निर्देशन गरेको थियो । उक्त प्रतिवेदनका आधारमा किटान गरिएका व्यक्तिहरूका सन्दर्भमा भइरहेको अनुसन्धान, अभियोजन र न्यायिक प्रकृयालाई सहयोग गर्नु सबैको साझा कर्तव्य हो ।

संसदीय छानविन समितिले सर्वसम्मत रूपमा औल्याएको विषयमा छानविनको प्रकृया अघि बढिरहेको अवस्थामा सम्माननीय प्रधानमन्त्री र नेपाल सरकारका जिम्मेवार व्यक्ति र निकायका विरूद्धमा जिम्मेवार व्यक्तिहरूबाटै अमर्यादित अभिव्यक्ति दिने, गालीगलौच गर्ने र गलत आक्षेप लगाउँदै छानविनको प्रकृयालाई प्रभावित गर्नेगरी भ्रम सिर्जना गर्ने र अस्वस्थ वातावरण सिर्जना गर्ने काम हुनु अत्यन्त दु:खद विषय हो ।

फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन र प्रतिरक्षालाई स्वतन्त्र, भयरहित र वैज्ञानिक बनाई फौजदारी न्याय प्रणालीको प्रभावकारिता बनाउनु सबैको साझा दायित्वको हो । न्यायिक प्रकृयालाई स्वस्थ, निस्पक्ष र विधिसम्मत ढंगले अघि बढाउन राजनीतिक दल, संचार जगत, सरकारी तथा गैरसरकारी निकाय एवम् नागरिक समेतको सकारात्मक सहयोगको आवश्यकता पर्दछ । सबै पक्षको सकारात्मक सहयोगबाट नै अनुसन्धानको प्रकृयालाई प्रभावकारी बनाई दोषी नउम्कने र निर्दोष कोही पनि नफस्ने कुराको सुनिश्चिता गर्न सकिन्छ ।

कानूनले अनुसन्धान गर्ने र अभियोजन गर्ने छुट्टाछुट्टै निकायको व्यवस्था गरेको छ । नेपाल प्रहरीले प्राप्त अधिकार अन्तर्गत अनुसन्धानको प्रकृया अघि बढाइरहेको छ । अनुसन्धान पश्चात् तथ्य र प्रमाणका आधारमा मुद्दा चल्ने नचल्ने निर्णय गर्ने स्वायत्तता कानूनले सरकारी वकिललाई दिएको छ । यस्तो अवस्थामा अनुसनधान र अभियोजनमा दवाव दिने र प्रभाव पार्ने काम कहीं कतैबाट हुनु हुदैंन । त्यसमाथि अन्तिम रूपमा न्यायिक निरूपणको काम अदालती प्रकृयावाट हुने बैधानिक स्थापित परम्परा छ । यस्तो




तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

विषयमा सरकार र त्यसको नेतृत्वलाई जोडेर चर्चा गर्नु, अनुसन्धान र अभियोजन प्रकृयालाई अनुचित प्रभाव पार्ने कार्य न्यायिक दृष्टिकोणवाट अनुपयुक्त हो ।

संविधानले प्रत्येक नागरिकलाई संविधान र कानूनको पालना गर्नुपर्ने भनी नागरिकका कर्तब्य पहिचान गरेको छ र सबैले कानूनको पालना गर्नु र गराउनु पर्दछ । मुलुकी अपराध संहिताले सार्वजनिक पद धारण गरेको ब्यक्तिले कर्तब्य पालना गर्ने क्रममा कसैले बाधा पुर्याउने वा निजलाई कुनै गैरकानुनी काम गर्न लगाउने नियतले कुनै काम गरेमा त्यस्तो कार्यलाई दण्डनीय मानेको छ ।

राष्ट्र सेवकलाई कानूनबमोजिम तोकिएको काम गर्न नदिन वा कर्तब्य पालना गर्न नदिने हिसावले पाँच जना भन्दा बढिको भेला गर्नु गराउनु आफैँमा कसुर हो । यस्तो कसुरमा संघीय संसदको सदस्य उपस्थिती हुन र यस्तो कसुर गर्न अरूलाई उक्साउनु पूर्णत गैरकानुनी कार्य हो । यस्तो भेलामा सहभागी नहुन प्रहरीले गरेको अनुरोधको अवज्ञा गर्ने प्रत्येक ब्यक्ति कसुरदार मानिने कानुनी ब्यवस्था भए तर्फ सवैपक्ष सचेत हुनुपर्दछ ।

हाम्रो पार्टी अख्तियार प्राप्त निकायवाट भइरहेको अनुसन्धान र अभियोजनको प्रकृयामा वाधा पुर्याउने खालका कुनै पनि प्रकारका गतिविधि नगर्न सम्बन्धित सबैपक्षको ध्यानाकर्षण गर्दछ । नेपाल सरकारलाई समेत त्यस प्रकारको गतिविधि नियन्त्रण गर्न स्वच्छ र निष्पक्ष न्यायिक निरूपणको वातावरण तयार गर्न अनुरोध गर्दछ ।

**शंकर पोखरेल**
**महासचिव**



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org